कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : निर्देशिका
दर्ता नं: ९१/०८२
दर्ता मिति: २०८२/१०/०४

# वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी (पहिलो संशोधन) निर्देशिका,२०७८

वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी निर्देशिका,२०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ को दफा ५८ ले एको अधिकार प्रयोग गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको स्वीकृतिमा वाणिज्य, आपूर्ति था उपभोक्ता संरक्षण विभागले यो निर्देशिका बनाई लागू गरेको छ।

संक्षिप्त नाम र प्रारम्भः (१) यो निर्देशिकाको नाम "वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७८" रहेको छ।

(२) यो निर्देशिका मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी निर्देशिका, २०७८ मा संशोधन को दफा ८ मा संशोधनः वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी निर्देशिका, २०७८ (यस पछि मूल निर्देशिका भनिएको) को दफा ८ को उपदफा (१) मा उल्लिखित "अवधि नखुलाई र कुनै शर्त नतोकी" भन्ने शब्दहरुको सट्टा "नियमावलीको नियम ४ को उपनियम (२) बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

मूल निर्देशिकाको अनुसूची-१ मा संशोधनः मूल निर्देशिकाको अनुसूची-१ को क्रम सङ्ख्या १९ मा उल्लिखित "अनुसूची-४ बमोजिमको ढाँचाको सम्झौतापत्र" भन्ने शब्दहरु झिकिएका छन्।

डा. गणेश प्रसाद पाण्डेय
सचिव
(वाणिज्य तथा आपूर्ति)
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

प्रतिलिपि प्रमाणित

# वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी निर्देशिका, २०७८

मन्त्रालयबाट स्वीकृत मिति
२०७८/१०/१२

प्रस्तावनाः वस्तुको प्रत्यक्ष बिक्री वा वितरण सम्वन्धी व्यवसाय गर्ने इजाजतपत्रवालालाई नियमन गरी थप प्रतिस्पर्धात्मक, भरपर्दो एवं पारदर्शी वनाई उपभोक्ताको हक हित संरक्षण गर्ने कार्यलाई व्यवस्थित एवं प्रभावकारी वनाउन वाञ्छनीय भएकोले,

वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको स्वीकृतिमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले यो निर्देशिका बनाई लागू गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो निर्देशिकाको नाम "वस्तुको प्रत्यक्ष बिक्री सम्वन्धी निर्देशिका, २०७८" रहेको छ।

(२) यो निर्देशिका मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा र व्याख्याः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) नियमावली, २०७६ सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(घ) "महानिर्देशक" भन्नाले वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक सम्झनु पर्छ।

(ङ) "विभाग" भन्नाले वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग सम्झनु पर्छ।

(च) "सम्झौतापत्र" भन्नाले इजाजतपत्रवालाले वस्तुको प्रत्यक्ष बिक्री वितरण गर्न नियुक्त गरेका बिक्रेता वा वितरकसँग हुने सम्झौतापत्र सम्झनु पर्छ।

३. इजाजत सम्बन्धी प्रक्रियाः (१) वस्तुको प्रत्यक्ष बिक्री वितरण गर्न चाहने कम्पनीले नियमावलीको नियम ३ बमोजिम इजाजतपत्र लिनकोलागि अनुसूची-१ मा उल्लिखित कागजात सहित विभागमा निवेदन दिनुपर्नेछ।

दिनेश भट्टराई
सचिव

(२) उपदफा (१) बमोजिम कम्पनीले पेश गरेका कागजातको पुष्ट्याईका लागि थप कागजात वा विवरण आवश्यक भएमा विभागले त्यस्तो कागजात वा विवरण माग गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम बमोजिम इजाजतपत्र माग गर्दा कम्पनीले अनुसूची-२ बमोजिमका विषयहरू समेटिएको व्यावसायिक कार्ययोजना सञ्चालक समितिबाट स्वीकृत गराई सो कार्ययोजनाको सक्कल र विद्युतीय प्रति विभागमा पेश गर्नु पर्नेछ।

४. <u>व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन तथा सिफारिसः</u> (१) दफा ३ को उपदफा (३) बमोजिम पेश भएको व्यावसायिक कार्ययोजनाको समग्र पक्षको मूल्याङ्कन गरी इजाजतपत्र प्रदान गर्ने वा नगर्ने सम्बन्धमा सिफारिस गर्न विभागमा देहायको मूल्याङ्कन तथा सिफारिक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | वस्तुको प्रत्यक्ष बिक्रीको इजाजतपत्र प्रदान गर्ने सम्वन्धित शाखाका निर्देशक | संयोजक |
| (ख) | महानिर्देशकले तोकेको निर्देशक एक जना | सदस्य |
| (ग) | कानून शाखा प्रमुख | सदस्य |
| (घ) | तथ्याङ्क अधिकृत | सदस्य |
| (ङ) | सम्वन्धित शाखाको शाखा अधिकृत | सदस्य-सचिव |

(२) उपदफा (२) बमोजिमको मूल्याङ्कन तथा सिफारिस समितिले मूल्याङ्कनका क्रममा माग गरेको व्यावसायिक कार्ययोजनासँग सम्वन्धित विवरण इजाजत माग गर्ने कम्पनीले समिति समक्ष पेश गर्नु पर्नेछ।

(३) मूल्याङ्कन तथा सिफारिस समितिले आफ्नो मूल्याङ्कन तथा सिफारिस विभागको महानिर्देशक समक्ष पेश गर्नेछ।

५. <u>अभिलेख किताबः</u> विभागले इजाजतपत्र प्रदान गरिएका कम्पनीको अभिलेख अनुसूची -३ को ढाँचामा राखी सोको विद्युतीय अभिलेख समेत राख्नु पर्नेछ ।

६. <u>इजाजतपत्रवालाको जिम्मेवारी र दायित्वः</u> ऐन तथा नियमावलीमा उल्लिखित प्रावधान एवं शर्तहरूका अतिरिक्त इजाजतपत्रवालाको दायित्व देहायबमोजिम हुनेछः-

(क) बिक्रेता वा वितरकलाई बजारीकरण, बजार प्रवर्द्धन वा वस्तुको प्रत्यक्ष बिक्री वितरणको कार्यमा खटाउँदा अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गरी परिचयपत्र सहित खटाउने,

(ख) पक्षहरु बीचको सम्झौतामा कुनै फेरबदल हुने भएमा वा म्याद थप गर्नु पर्ने भएमा सम्झौताको प्रति विभागमा पेश गर्नुपर्ने,

दिनेश भट्टराई
सचिव

(ग) बिक्रेता वा वितरकले पाउने सेवा, सुविधा, कमिसन वा बोनस लगायत वस्तुको प्रत्यक्ष बिक्री वितरण सम्वन्धी कारोबारको अभिलेख सूचना प्रविधिमा आधारित बिजिनेस सफ्टवेयरमा बुझिने गरी र पारदर्शी ढङ्गबाट राख्ने,

(घ) सामाजिक उत्तरदायित्व सम्वन्धी वार्षिक योजना सञ्चालक समितिबाट स्वीकृत गराई कार्यान्वयन गर्ने र सोको जानकारी विभागमा दिने,

(ङ) वस्तुको प्रत्यक्ष बिक्रेता वा वितरकले गरेको काम कारवाहीको दायित्व बहन गर्ने,

(च) कुनै बिक्रेता वा वितरक आफ्नो कम्पनीबाट अलग भएमा सात दिनभित्र विभागलाई सोको जानकारी गराउने,

(छ) बिक्रेता वा वितरकले पाउने कमिसन रकममा कानूनबमोजिम लाग्ने आयकर बापतको रकम अग्रीम कर कट्टी गरी सम्बन्धित कर कार्यालयमा बुझाउने,

(ज) इजाजतपत्र निलम्वन भएको अवधिभर कारोवार रोक्का राख्ने वा स्थगन गर्ने,

(झ) आफ्नो कम्पनीको नाममा कानून विपरीतका काम कारवाही भएको सूचना पाउनासाथ तुरुन्तै विभाग र सम्बन्धित निकायमा जानकारी गराउने।

७. <u>बिक्रेता वा वितरकको जिम्मेवारी र दायित्वः</u> वस्तुको प्रत्यक्ष बिक्रेता वा वितरकको दायित्व देहायवमोजिम हुनेछः-

(क) ऐन, नियमावली तथा यस निर्देशिका एवं इजाजतपत्रवालासँग गरेको सम्झौताको अधिनमा रही वस्तुको प्रत्यक्ष बिक्री वा वितरण गर्ने,

(ख) वस्तुको प्रत्यक्ष बिक्री वा वितरणका सन्दर्भमा क्रेतालाई एकल वा सामूहिक रूपमा बजारीकरण वा बजार प्रवर्द्धन गर्ने,

(ग) इजाजतपत्रवालाले विभागबाट बिक्री वितरणका लागि स्वीकृति पाएका वस्तुहरू मात्र बिक्री वा वितरण गर्ने,

(घ) कुनै कारणले इजाजतपत्रवालाको व्यावसायिक कारोवार रोक्का रहेको समयमा वस्तुको बिक्री वितरण नगर्ने नगराउने,

(ङ) आफू मातहत कुनै बिक्रेता, वितरक वा सदस्य नबनाउने,

(च) वैज्ञानिक रूपमा पुष्टि नभएको विषयमा भ्रामक प्रचार गरी वस्तुको बजारीकरण वा प्रवर्द्धन वा बिक्री वितरण नगर्ने,

(छ) वस्तुको प्रत्यक्ष बिक्री वा वितरण गर्दा क्रेतालाई सामान खरिद गरेवापत कुनै किसिमको शर्त राख्न नपाउने,

(ज) वस्तु बिक्री कार्यमा खटिएको बिक्रेता वा वितरकले अनिवार्य रुपमा उपभोक्ताले देख्ने गरी परीचयपत्र लगाउने,



दिनेश भट्टराई

(झ) वस्तु बिक्री गर्दा जारी गर्ने बिल बिजकमा आफ्नो नाम स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्ने।

८. <u>धरौटी सम्बन्धी व्यवस्थाः</u> (१) वस्तुको प्रत्यक्ष बिक्री गर्ने व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्तिका लागि निवेदन दिने कम्पनीले ऐनको दफा ५ को उपदफा (१) बमोजिम चुक्ता पूँजीको कम्तीमा पचास प्रतिशत नगद धरौटी वा सो बराबरको नेपालभित्रको कुनै वाणिज्य बैङ्कबाट विभागको नाममा अवधि नखुलाई र कुनै शर्त नतोकी जारी भएको बैङ्क ग्यारेन्टी पेश गरेको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको बैङ्क ग्यारेण्टी विभागले सम्बन्धित बैङ्कबाट यकिन गराइसकेपछि मात्र इजाजत सम्बन्धी कारबाही अघि बढाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको बैङ्क ग्यारेण्टी नराखी नगद धरौटी राख्ने इजाजतपत्रवालाले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले तोकेको बैङ्कमा रहेको धरौटी खातामा रकम दाखिला गरेको बैङ्क भौचर पेश गर्नु पर्नेछ।

९. <u>विदेशमा उत्पादित वस्तुको आयातः</u> (१) ऐनको दफा १६ बमोजिम विदेशमा उत्पादित वस्तु बिक्री वितरण गर्न चाहेमा इजाजतपत्रवालाले सो वस्तुको प्रकार, मूल्य र वार्षिक आयात हुने परिमाण सहितको विवरण विभागसमक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरणमा उल्लेखित वस्तु व्यावसायिक कार्ययोजनामा समावेश रहे वा नरहेको सम्वन्धमा विभागबाट यकिन भइसकेपछि मात्र इजाजतपत्रवालाले त्यस्तो वस्तुको वार्षिक परिमाण तोकी आयात गर्नु पर्नेछ।

१०. <u>सेवा, सुविधा, कमिसन वा बोनस निर्धारणः</u> (१) नियमावलीको नियम १० बमोजिम इजाजतपत्रवालाले स्वीकृत कार्ययोजना अनुसारको बिक्रेता वा वितरकलाई सेवा, सुविधा, कमिसन वा बोनस वापतको रकम प्रत्यक्ष बिक्री वा वितरण गरिने वस्तुको बिक्री मूल्यको अधिकतम बयालिस प्रतिशत भन्दा बढी नहुने गरी निर्धारण गर्नु पर्नेछ।

उपदफा (१) बमोजिम रकम निर्धारण गर्दा बिक्रेता वा वितरकको जतिसुकै तह भए पनि शुरु खरिद मूल्यको बयालिस प्रतिशत भन्दा बढी हुने गरी निर्धारण गरिने छैन।

(२) उपदफा (१) बमोजिम रकम निर्धारण गर्दा बिक्रेता वा वितरकले प्राप्त गर्ने कुल रकम वस्तुको बिक्री वा वितरणमध्ये के वापत प्रदान गरिने हो सोको विवरण सम्झौतामा उल्लेख गर्नु पर्नेछ।

(३)उपदफा (१) बमोजिम प्रदान गरिने रकमको सम्पूर्ण विवरण इजाजतपत्रवालाको लेखा तथा व्यापारिक सफ्टवेयरमा स्पष्ट रूपमा समावेश गरिएको हुनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम प्रदान गरिने रकममा प्रचलित कानुन बमोजिम लाग्ने कर कट्टा गरेर मात्र बाँकी रकम इजाजतपत्रवालाले बिक्रेता वा वितरकलाई प्रदान गर्नु



दिनेश भट्टराई
सचिव

पर्नेछ। त्यसरी कट्टी गरिएको कर इजाजतपत्रवालाले तुरुन्त सम्बन्धित कर कार्यालयमा दाखिला गर्नु पर्नेछ।

(५) वस्तुको प्रत्यक्ष बिक्री वितरण गर्दा उपभोक्ता वा क्रेतालाई दिइने छुट बिक्रेता वा वितरकले पाउने रकम मध्येबाटै कट्टा गर्नु पर्नेछ।

११. <u>पूर्वाधार सम्बन्धी व्यवस्थाः</u> (१) इजाजतपत्रवालाले वस्तु बिक्री वितरण सम्बन्धी कारोबार शुरु गर्नु अघि पेश गरेको कार्ययोजना बमोजिमको आवश्यक पूर्वाधारहरू पूरा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पूर्वाधार भए नभएको सम्बन्धमा विभागले निरीक्षण गर्न सक्नेछ। निरीक्षण गर्दा आवश्यक पूर्वाधार पुरा भएको नपाइएमा नियमावलीको नियम ८ को उपनियम (४) बमोजिमको अवधि तोकी आवश्यक पूर्वाधारको व्यवस्था गर्न आदेश दिन सक्नेछ।

(३) विभागले माग गरेको अवस्थामा इजाजतपत्रवालाले आफ्नो कारोवारसँग सम्बन्धित व्यापारिक सफ्टवेयरको एडमिनिस्ट्रेटिभ भ्यू राइट उपलब्ध गराउनु पर्नेछ।

(४) इजाजतपत्रवालाले प्रयोग गरेको सफ्टवेयर आन्तरिक राजस्व विभागबाट विद्युतीय बिलिङ्गको लागि स्वीकृत भएको हुनुपर्नेछ। उक्त सफ्टवेयरको डाटाबेस सुरक्षाको लागि नेपालभित्रै दुई अलग अलग स्थानमा ब्याकअप राख्नु पर्नेछ।

(५) इजाजतपत्रवालाले सफ्टवेयरमा राख्नुपर्ने अन्य विषय र विभागमा रहने सफ्टवेयरसँगको तादात्म्यता का सम्बन्धमा विभागले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ।

१२. <u>थप शर्त तोक्न सक्नेः</u> विभागले ऐनको दफा ५ बमोजिम इजाजतपत्र प्रदान गर्दा ऐन, नियमावली, कम्पनीको प्रवन्धपत्र, कार्ययोजना, कार्यक्षेत्र, संलग्न अन्य कागजात, कारोबार हुने वस्तुको प्रकृति समेतका आधारमा थप शर्तहरू तोक्न सक्नेछ।

१३. <u>निर्देशन दिन सक्नेः</u> (१) विभागले ऐनको दफा ५३ बमोजिम निर्देशन दिंदा अन्य कुराको अतिरिक्त देहायका बिषयमा इजाजतपत्रवालालाई आवश्यक निर्देशन दिन सक्नेछः-

(क) उपभोक्तालाई हानीनोक्सानी वा क्षति हुने वस्तुको बिक्री वितरण नगर्न वा नगराउन,

(ख) गुणस्तरहीन वा न्यून गुणस्तरीय वस्तु बिक्री वितरण नगर्न नगराउन,

(ग) नियमावलीको नियम ५ बमोजिम चुक्ता पूँजी वृद्धि गर्न वा धरौटी रकम थप गर्न गराउन र सोबमोजिम नभएमा कारोवार रोक्का वा स्थगन गर्न,

(घ) इजाजतपत्रवालालाई आवश्यक पर्ने भौतिक पूर्वाधारको व्यवस्था गर्न र सो बमोजिम नभएमा कारोवार रोक्का वा स्थगन गर्न ।



दिनेश भट्टराई
सचिव

१४. <u>इजाजतपत्रवालाको स्वामित्व वा दायित्व हस्तान्तरणः</u> इजाजतपत्रवालाले ऐनको दफा १० बमोजिम कम्पनीको स्वामित्व वा दायित्व हस्तान्तरण वा परिवर्तन गर्ने स्वीकृतिको लागि देहायबमोजिमका कागजात सहित विभागमा निवेदन दिनु पर्नेछः-

(क) स्वामित्व वा दायित्व ग्रहण गर्न प्रस्तावित सञ्चालकको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) प्रचलित कानून वा अदालतको आदेश बमोजिम तिर्नु बुझाउनु पर्ने विगो रकम, दण्ड, जरिवाना वा दस्तुर बुझाउन बाँकी नरहेको र प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको वा नरहेको व्यहोराको स्वःघोषणा पत्र,

(ग) स्वामित्व वा दायित्व हस्तान्तरण वा परिवर्तन गर्नुपर्ने औचित्य र कारण पुष्टि हुने अन्य प्रमाण कागज ।

१५. <u>वस्तुको मूल्यसूचीः</u> (१) इजाजतपत्रवालाले नियमावलीको नियम ७ बमोजिम विभागबाट प्रत्यक्ष बिक्री वितरण गर्न स्वीकृति प्राप्त गरेका वस्तुको मूल्यसूची वस्तु बिक्री वितरण कक्षहरूमा सबैले देख्ने गरी राख्नु पर्नेछ।

(२) इजाजतपत्रवालाले विभागबाट प्रत्यक्ष बिक्री वितरण गर्न स्वीकृति प्राप्त गरेका वस्तुको बिक्री मूल्य सहितको विस्तृत विवरण आफ्ना बिक्रेता वा वितरकलाई आधिकारिक रूपमा उपलब्ध गराउनु पर्नेछ। बिक्रेता वा वितरकले सो मूल्यसूची साथै राखी क्रेताले माग गरेको बखतमा देखाउनु पर्नेछ।

१६. <u>नेपालमा उत्पादन नहुने वस्तुको प्रमाण पेश गर्नुपर्नेः</u> (१) स्वदेशमा उत्पादन नहुने भनी विदेशबाट आयात गरी बिक्री वितरण गरिने वस्तुको पहिचान गर्दा त्यस्तो वस्तुको नाम, उपयोग, उत्पादन प्रक्रिया, उत्पादन हुँदा प्रयुक्त कच्चा पदार्थहरूको मिश्रण, मिश्रणको तत्व, परिमाण र तौल तथा त्यस्तो वस्तुको उपभोगबाट हुन सक्ने सकारात्मक र नकारात्मक प्रभाव समेतका आधारमा यकिन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वस्तु पहिचान एवं यकिन गर्न विभागले उपयुक्त प्रविधि वा विज्ञको सहायता लिन सक्नेछ।

(३) इजाजतपत्रवालाले स्वदेशमा उत्पादन नहुने भनी विदेशबाट आयात गरी बिक्री वितरण गर्ने वस्तुको हकमा नेपालमा उत्पादन नहुने भनी अनुसूची-५ बमोजिम स्वःघोषणा गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको स्वघोषणा इजाजतपत्र नवीकरण गर्दाका बखत समेत पेश गर्नुपर्नेछ। त्यस्तो स्वःघोषणा अन्यथा प्रमाणित भएमा नियमावलीको नियम ११ बमोजिम स्वदेशी उत्पादन सरह कारोबार गर्नु पर्नेछ ।

दिनेश भट्टराई
सचिव

(५) प्रत्यक्ष बिक्री वितरण गरिने वस्तु स्वदेशमा उत्पादन नहुने व्यहोराको प्रमाणीकरण उद्योग विभाग, नेपाल उद्योग वाणिज्य महासंघ वा नेपाल उद्योग परिसंघबाट भएको हुनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको निकायबाट प्रमाणीकरण नभएमा कम्पनीले नेपालमा उत्पादन नहुने भनी पेश गरेको वस्तुहरू (सिमिलर गुड्स समेत) को विवरणका सम्बन्धमा नेपालमा उत्पादन हुने भए प्रमाणसहित दावी गर्न इजाजतपत्र प्रदान गर्नुको लागि विभागले राष्ट्रिय दैनिक पत्रिकामा पन्ध्र दिने सूचना प्रकाशन गर्नुका साथै विभागको वेबसाइटमा समेत राख्नु पर्नेछ र त्यस्तो सूचना इजाजतपत्र प्रदान गर्नुपर्ने नब्बे दिनको समयसीमासँग तादात्म्यता हुने गरी प्रकाशन गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको सूचना प्रकाशन गर्दा लाग्ने रकम सम्बन्धित निवेदक कम्पनी स्वयंले व्यहोर्नु पर्नेछ।

(८) उपदफा (६) बमोजिम सूचना प्रकाशित गर्दा कसैको दाबी पेश भएकोमा दाबी पुष्टी भई सो वस्तु स्वदेशमा उत्पादन हुने प्रमाणित भएमा त्यस्तो विदेशी वस्तु बिक्री वितरण गर्ने गरी कुनै कम्पनीले इजाजतपत्र माग गरेको वा इजाजात पत्र प्राप्त गरिसकेको भए विभागले जुनसुकै बखत उक्त वस्तु बिक्री वितरणमा रोक लगाउन सक्नेछ।

१७. <u>वस्तुको बिक्री परिमाण यकिन गर्ने:</u> (१) विभागले ऐनको दफा ४५ तथा नियमावलीको नियम ३२ को उपनियम (३)बमोजिम इजाजतपत्रवालाले पेश गरेका विवरणको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण अद्यावधिक गर्ने सिलसिलामा विभागले आवश्यकता अनुसार निरीक्षण एवं जाँचबुझ गरी वस्तुको बिक्री परिमाण तथा मौज्दातको अवस्था यकिन गर्न सक्नेछ ।

(३) इजाजतपत्रवालाले व्याबसायिक कार्ययोजनामा उल्लेख भए भन्दा थप किसिमका विदेशी वस्तु बिक्री वितरण गर्न माग गरेको अवस्थामा वस्तुको किसिम र परिमाण उपदफा (४) बमोजिम हुने गरी विभागले निर्णय गर्नेछ।

(४) यस दफा बमोजिम स्वदेशी तथा विदेशी वस्तुको बिक्री परिमाणको गणना गर्दा एक आर्थिक वर्षको लागि मात्र लागु हुने गरी गर्नु पर्नेछ।

१८. <u>व्यवसाय बिमा:</u> इजाजतपत्रवालाले वस्तुको प्रत्यक्ष बिक्री वितरणको कारोबार सञ्चालन गर्नु अघि ऐनको दफा १८ बमोजिम व्यवसाय बिमा गरी सोको जानकारी विभागलाई दिनु पर्नेछ।

१९. <u>निरीक्षण अधिकृतको कार्यक्षेत्र:</u> (१) नेपाल सरकारले ऐनको दफा २१ को उपदफा (२) बमोजिम नेपालभर हुने गरी निरीक्षण अधिकृतको कार्यक्षेत्र तोक्नु पर्नेछ।



दिनेश भट्टराई

(२) उपदफा (१) बमोजिम तोकिएको कार्यक्षेत्रमा खटिदा निरीक्षण अधिकृतले महानिर्देशकलाई जानकारी गराउनु पर्नेछ।

२०. <u>अभिमुखीकरण तालिम तथा सचेतना कार्यक्रमः</u> (१) इजाजतपत्रवालाले नियमावलीको नियम २१ बमोजिमका विषयमा विषयविज्ञ वा स्रोत व्यक्तिबाट बिक्रेता वा वितरक एवं क्रेता वा उपभोक्तालाई अभिमुखीकरण तालिम र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२)उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्दा इजाजतपत्रवालाले विभागलाई पूर्व जानकारी दिनु पर्नेछ। साथै उक्त कार्यक्रम सञ्चालनको अभिलेख समेत सुरक्षित राख्नु पर्नेछ।

२१. <u>सामाजिक सुरक्षा सम्बन्धी व्यवस्थाः</u> इजाजतपत्रवालाले कार्यरत कर्मचारी, प्रतिनिधी तथा वस्तुको प्रत्यक्ष बिक्रेता वा वितरकलाई सञ्चालक समितिबाट स्वीकृत गराई प्रचलित कानूनबमोजिम सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गराई सामाजिक सुरक्षाको व्यवस्था मिलाउनुपर्नेछ।

२२. <u>विद्युतीय माध्यमबाट कारोबारः</u> वस्तुको प्रत्यक्ष बिक्री वा वितरणसम्बन्धी कारोबार गर्दा वस्तुको माग (अर्डर दिने वा लिने) गर्ने र भुक्तानी लिने वा दिने कार्यमा विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेछ।

२३. <u>बिक्री कक्षः</u> (१) इजाजतपत्रवालाले बिक्री कक्ष थप गर्न चाहेमा विभागको पूर्व स्वीकृति लिएर मात्र त्यस्तो बिक्री कक्षको स्थापना र सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पूर्व स्वीकृति माग गर्दा बिक्री कक्षमा रही काम गर्ने प्रतिनिधि तथा बिक्री कक्षमा हुने कारोबारका बारेमा स्पष्ट खुलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको निवेदन तथा सोसाथ पेश भएका विवरणको अध्ययन गरी औचित्यताका आधारमा विभागले बिक्री कक्षको सङ्ख्या र सञ्चालनका सम्बन्धमा निर्णय गर्नेछ।

(४) उपदफा (३) बमोजिमको बिक्री कक्षबाट हुने कारोबार कम्पनीको केन्द्रीय कार्यालयबाट भए गरे सरह मानी व्यवस्थित गर्नु पर्नेछ।

२४. <u>गुनासो तथा उजुरी लिन सक्नेः</u> निरीक्षण अधिकृतले वस्तुको प्रत्यक्ष बिक्री वितरणका सम्बन्धमा उपभोक्ता वा सरोकारवालाबाट प्राप्त मौखिक वा लिखित उजुरी, सञ्चार माध्यम, सामाजिक सञ्जालमा प्रकाशित वा प्रसारित सामग्री, समाचार, विज्ञापन लगायत तथा टेलिफोन र मौखिक रूपमा प्राप्त उजुरी वा गुनासो लिन सक्नेछ।

२५. <u>अनुसन्धान तथा छानविन सम्बन्धी प्रक्रियाः</u> (१) निरीक्षण अधिकृतले ऐनको दफा ३८ तथा यस निर्देशिकाको दफा २३ बमोजिमको गुनासो वा उजुरी समेतका आधारमा अनुसन्धान, जाँचबुझ र छानबिन प्रक्रिया अगाडि बढाउन सक्नेछ।

दिनेश भट्टराई
सचिव

(२) निरीक्षण अधिकृतले उपदफा (१) बमोजिम गरेको अनुसन्धान, जाँचबुझ र छानविनको प्रतिवेदन ऐनको दफा २२ को उपदफा (१) को खण्ड (घ) मा उल्लिखित अवधिभित्र विभागमा पेश गर्नु पर्नेछ।

(३) अनुसन्धान, जाँचबुझ र छानबिन गर्दा आवश्यकता अनुसार अन्य प्रचलित कानूनले निर्दिष्ट गरेका ढाँचा, विधि र प्रक्रियाको अवलम्बन गर्नु पर्नेछ।

दिनेश भट्टराई
सचिव
(वाणिज्य तथा आपूर्ति)
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

नेपाल सरकार वाणिज्य तथा ... सिंहदरबार, काठमाडौं

अनुसूची -१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**इजाजतपत्रको लागि निवेदन दिँदा निवेदनसाथ पेश गर्नुपर्ने कागजात**

इजाजतपत्रवालाको नाम र ठेगानाः ......................................................................

| क.सं. | संलग्न गर्नुपर्ने कागजात तथा विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | नियमावलीको अनुसूची -२ बमोजिमको निवेदनपत्र | | | |
| २ | कम्पनी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि | | | |
| ३ | कम्पनीको प्रबन्धपत्रको प्रमाणित प्रतिलिपि | | | |
| ४ | कम्पनीको नियमावलीको प्रमाणित प्रतिलिपि | | | |
| ५ | कम्पनी अद्यावधिक रहेको पत्र | | | |
| ६ | आयकर दर्ताको प्रमाणपत्रको प्रतिलिपि | | | |
| ७ | मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि | | | |
| ८ | कर चुक्ता गरेको प्रमाणपत्र वा कर दाखिला गरेको निस्सा | | | |
| ९ | व्यावसायिक कार्ययोजना र सो स्वीकृत भएको निर्णयको प्रतिलिपी | | | |
| १० | बिक्री गरिने स्वदेशी तथा विदेशी वस्तुको छुट्टाछुट्टै सूची | | | |
| ११ | बिक्री गरिने वस्तु स्वदेशमा उत्पादन नहुने भए सोको प्रमाण, (अनुसूची-५ अनुसारको स्वःघोषणापत्र, सिफारिश पत्र, सार्वजनिक सूचना तथा उत्पत्तिको प्रमाणपत्र) | | | |
| १२ | बिक्री गरिने वस्तुको ट्रेडमार्क दर्ताको प्रमाणपत्रको प्रतिलिपि | | | |

| | | | | |
|---|---|---|---|---|
| १३ | बिक्री गरिने वस्तुहरू उत्पादन गर्ने उद्योग, कम्पनी वा प्रतिष्ठानबाट वस्तु प्राप्त हुने प्रतिबद्धतापत्र | | | |
| १४ | बिक्री कक्ष रहने स्थानहरू (पालिकाको वडा समेत खुलेको स्पष्ट ठेगाना) | | | |
| १५ | बिक्रेता वा वितरकहरूको सङ्ख्या | | | |
| १६ | सञ्चालकहरूको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि | | | |
| १७ | नियमावलीको अनुसूची-२ अनुसारको सञ्चालकहरू कालो सूचीमा नरहेको स्वःघोषणा | | | |
| १८ | व्यापारिक सफ्टवेयर, कम्पनीको कार्यालय तथा बिक्री कक्ष र गोदाम आदि भौतिक पूर्वाधारको अवस्था खुल्ने कागजात | | | |
| १९ | अनुसूची-४ बमोजिमको ढाँचाको सम्झौता पत्र | | | |

दिनेश भट्टराई
सचिव
(वाणिज्य तथा आपूर्ति)
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

## अनुसूची - २

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

**<u>व्यावसायिक कार्ययोजनामा समेटिनु पर्ने विषय</u>**

(क) कम्पनीको परिचय;

(ख) कम्पनीको गन्तव्य (Mission), दूरदृष्टि (Vision), लक्ष्य, उद्देश्य र कार्यहरू;

(ग) कम्पनीको समग्र सङ्गठन संरचना (वस्तुको प्रत्यक्ष बिक्री व्यवस्थापन सङ्गठन संरचना समेत);

(घ) वस्तुको प्रत्यक्ष बिक्री वा वितरण व्यवसाय सञ्चालन गर्न विभागबाट इजाजत लिन सञ्चालक समितिबाट भएको निर्णय;

(ङ) बिक्री वितरण गरिने वस्तुको ट्रेडमार्क तथा उत्पत्तिको प्रमाणपत्र;

(च) वस्तु बिक्री वा वितरण प्रक्रिया (विद्युतीय माध्यमको प्रयोग हुने भए सो समेत;

(छ) बिक्री वितरण गरिने वस्तुहरूको विशेषता र बिक्री मूल्य सहितको विवरण;

(ज) बिक्री वितरण गरिने वस्तुहरू प्राप्तिको सुनिश्चितता एवं प्रतिबद्धता;

(झ) बिक्रेता वा वितरकको काम, कर्तव्य, अधिकार, दायित्व र जिम्मेवारी तथा सङ्ख्या;

(ञ) बिक्रेता वा वितरकले पाउने सेवा, सुविधा, कमिसन वा बोनस सम्बन्धी विस्तृत विवरण;

(ट) भौतिक पूर्वाधार तथा बिक्री कक्षको व्यवस्थापन र सञ्चालनसम्बन्धी विवरण;

(ठ) व्यापारिक सफ्टवेयर सम्बन्धी विस्तृत विवरण;

दिनेश भट्टराई
सचिव

## अनुसूची -३
(दफा ५ सँग सम्बन्धित)

**इजाजतपत्रवालाको अभिलेख किताब**

कम्पनीको छाप/ संचलकको फोटो

इजाजतपत्र संख्याः

कम्पनीको नाम र ठेगानाः

इजाजतपत्र जारी मितिः

सम्पर्क नम्बर र ईमेलः

| कम्पनीका सञ्चालकहरूको | | | | व्यवसाय को प्रकृति | बिक्री गरिने मुख्य वस्तुको सूची | बिक्री कक्ष रहने स्थान | बिक्रेता वा वितरकको सङ्ख्या | कम्पनीको चुक्ता पूँजी रू. | इजाजतपत्र दस्तुर | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नाम, थर | ठेगाना | नागरिकता नं/जारी मिति/जिल्ला | सम्पर्क नं. | | | | | | रकम रू. | रसिद नं. र मिति | |
| | | | | | | | | | | | |

| | नवीकरण सम्बन्धी विवरण | | | | | | अन्य विवरण (संसोधन समेत) |
|---|---|---|---|---|---|---|---|
| क्र. सं. | नवीकरण मिति | | नवीकरण दस्तुर | | निर्णय मिति | सम्बन्धित अधिकृतको दस्तखत | |
| | देखि | सम्म | रकम रू. | रसिद नं. र | | | |

दिनेश भट्टराई
सचिव

| | | | | मिति | | |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

दिनेश भट्टराई
सचिव
(वाणिज्य तथा आपूर्ति)
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

अनुसूची -४
(दफा ६ को खण्ड (क) सँग सम्बन्धित)
**सम्झौतापत्रको नमुना**

| क.सं. | शिर्षक/ खण्ड | विषयवस्तु | कैफियत |
|---|---|---|---|
| १. | प्रस्तावना /प्रारम्भ | नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रही ... जिल्ला, ... पालिका, वार्ड नं. ... मा रजिष्टर्ड कार्यालय रहेको ... प्रा.लि. (कम्पनी दर्ता नं.); (यसपछि पहिलो पक्ष भनिनेछ) तथा ... को नाति/नातिनी ... को छोरा/छोरी ... जिल्ला ... पालिका ... बस्ने ... वर्ष ... को ... (यस पछि दोश्रो पक्ष भनिनेछ); हामी दुई पक्ष वीच तपसिलमा लेखिएका शर्तहरू पालना गर्ने; काम, कर्तव्य, अधिकार, जिम्मेवारी पूरा गर्ने एवं सेवा, सुविधा, कमिसन र वोनस दिने पाउने गरी राजीखुशीका साथ किनाराका साक्षीका रोहवरमा .... मा बसी वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ को दफा १४, वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) नियमावली, २०७६ को नियम ९ बमोजिम यो सम्झौता पत्रको ३ प्रति तयार गरी सहिछाप गरी १ प्रति वस्तुको प्रत्यक्ष बिक्री गर्ने इजाजत प्रदान गर्ने वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग समक्ष बुझाउने गरी दुबै पक्षले १/१ प्रति बुझि लियौं दियौं। | |
| २. | प्रथम पक्षले पालना गर्नुपर्ने शर्तहरू | (क) वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ तथा नियमावली, २०७६ तथा यस सम्झौता पत्रमा उल्लिखित शर्तहरूका एवं उपभोक्ता हित संरक्षणका लागि दोस्रो पक्षलाई तालिम एवं क्षमता विकासका विभिन्न माध्यमबाट प्रशिक्षित गराउनेछ।<br><br>(ख) दोस्रो पक्षको मागका आधारमा बिक्री वितरण गर्ने वस्तु यथोचित समयमै उपलब्ध गराउनेछ।<br><br>(ग) बिक्री र वितरण गर्ने वस्तुहरूको मूल्य सहितको सूची समयमै दोस्रो | |



दिनेश भट्टराई
सचिव

| | | | |
|---|---|---|---|
| | | पक्षलाई उपलब्ध गराउनेछ ।<br><br>(घ) दोस्रो पक्ष एवं उपभोक्तालाई समय सीमा तोकी वस्तु बिक्री वितरण वा उपभोग गर्नैपर्ने गरी परिमाण/मात्रा तोक्न पाइन छैन।<br><br>(ङ) दोस्रो पक्षलाई वस्तु बिक्री वितरण गरेको परिमाणका आधारमा वस्तुको बिक्री/वितरणको परिमाण रू. ... भएमा ... प्रतिशत, रू. ... भएमा ... प्रतिशत, रू. ... र रू. ... भएमा ... प्रतिशत बरावरको रकम कमिसन वा बोनस वा छुट वा अन्य सेवा सुविधा स्वरूप उपलब्ध गराउनु पर्नेछ ।<br><br>(च) दोस्रो पक्षलाई अन्य सेवा सुविधाहरू (जस्तै सवारी, संचार, पोशाक, स्वास्थ्य, शिक्षा ... वापत) उपलब्ध गराइने भए कति कति अवधि (वार्षिक वा मासिक वा एक पटक) मा उपलब्ध हुने हो सो उल्लेख गर्ने।<br><br>(छ) दोस्रो पक्षलाई सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गराउनुपर्नेछ ।<br><br>(ज) कम्पनीको आधिकारिक परिचय पत्र उपलब्ध गराउनुपर्नेछ ।<br><br>(झ) बिक्री वितरणका लागि बिक्री कक्ष वा उपभोक्ता/क्रेतासम्म पुर्याउँदा लाग्ने ढुवानी भाडा तथा बिक्री कक्षको भाडा वापतको रकम व्यहोर्ने।<br><br>(ञ) बोनस उपलब्ध गराउने भए तत् सम्बन्धी व्यवस्था उल्लेख गर्ने ।<br><br>(ट) प्रचलित कानून विपरित नहुने गरी आवश्यक अन्य विषय भए बुँदागत रुपमा खुलाउने । | |
| ३. | दोस्रो पक्षले पालना गर्नुपर्ने | (क) पहिलो पक्षले उपलब्ध गराएको सूची बमोजिमका वस्तुहरू मात्र बिक्री वितरण गर्नुपर्नेछ। (बिक्री वितरण गरिने वस्तुहरूको विवरण अनुसूचीमा संलग्न गर्ने।<br><br>(ख) प्रथम पक्षवाट बिक्री वितरणका लागि प्राप्त वस्तु बिक्री वितरण गरी | |



दिनेश भट्टराई
सचिव

| | | |
|---|---|---|
| | शर्तहरू | ... दिन भित्र बिक्री वितरण सम्वन्धी हिसाब फरफारक गरिसक्नु पर्नेछ।<br><br>(ग) उपरोक्त "क" बमोजिम वस्तुको बिक्री वितरण गर्दा बिक्री गरिने वस्तुको बारेमा ग्राहक/उपभोक्तालाई जानकारी गराई राजीखुशीले मात्र खरिद गर्नका लागि प्रोत्साहित गर्नुपर्नेछ।<br><br>(घ) उपभोक्तालाई भ्रम पार्ने वा कुनै प्रकारले अनुचित प्रभावमा पार्ने कार्य गर्न पाउने छैन। त्यस्तो कार्य गरेमा कानूनबमोजिम कारबाहीको भागीदार हुनुपर्नेछ।<br><br>(ङ) ग्राहक वा उपभोक्ताले खरिद गर्न चाहेको वस्तु निजले प्राप्त नगरेसम्म उक्त वस्तुको मूल्य वापतको रकम असुल गर्नहुँदैन।<br><br>(च) आफू मातहत रहने गरी सशर्त वा निशर्त कसैलाई पनि कुनै शीर्षक दिई वा नदिई वस्तु विक्री वितरण गर्न गराउन वा बजारीकरण लगायतका कार्य गर्न गराउन पाइनेछैन।<br><br>(छ) उपरोक्त "क" बमोजिम बिक्री वितरण गरेको वस्तुको परिमाणका आधारमा प्रथम पक्षबाट वस्तुको बिक्री/वितरणको परिमाण रू. ... भएमा ... प्रतिशत, रू. ... भएमा ... प्रतिशत, र रू. ... भएमा ... प्रतिशत बराबरको रकम कमिसन स्वरूप प्राप्त हुनेछ।<br><br>(यसलाई टेबलमा पनि राख्न सकिनेछ)<br><br>(ज) दोस्रो पक्षले पहिलो पक्षबाट आफुलाई प्राप्त वस्तुहरूको उपभोग म्याद समाप्त भएमा वा बिग्रिएमा वा भत्किएमा उपभोक्तालाई बिक्री गर्न पाइनेछैन । त्यस्तो वस्तु पहिलो पक्षलाई ............ दिन भित्र बुझाउनु पर्नेछ । |
| ४. | समग्र शर्तहरू | (क) उल्लिखित शर्तहरूको सकारात्मक व्याख्या गरी ईमानदारीपूर्वक पालना गर्नु दुबै पक्षको कर्तव्य हुनेछ। दुबै पक्षको सहमति तथा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको स्वीकृतिमा यसमा लेखिएका |



दिनेश भट्टराई

| | | | |
|---|---|---|---|
| | | शर्तहरु मात्र परिवर्तन गर्न सकिनेछ।<br><br>(ख) यो सम्झौताको अवधि ... सम्म कायम हुनेछ। उक्त अवधि समाप्त नहुँदै सम्झौता भङ्ग गर्नुपर्ने अवस्थामा भङ्ग गर्न चाहने पक्षले अर्को पक्षलाई ....... दिन अगावै जानकारी दिनुपर्नेछ। यसै अवधि भित्रै दुई पक्षवीचको जिन्सी तथा नगद लेनदेनको हिसावकिताव फरफारक गरिसक्नु पर्नेछ।<br><br>(ग) वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४, नियमावली, २०७६ तथा वस्तुको प्रत्यक्ष बिक्री वितरण सम्बन्धी निर्देशिका, २०७८ का प्रावधानहरू तथा वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागले समय समयमा दिने निर्देशन समेत यस सम्झौताका अंग हुनेछन् र सोको पूर्ण पालना गर्नु दुबै पक्षको कर्तव्य एवं जिम्मेवारी हुनेछ।<br><br>(घ) दुई पक्षवीच कुनै विवाद भएमा आपसी सहमतिमा विवाद समाधान गरिनेछ।<br><br>(ङ) यस सम्झौतामा उल्लिखित कुराहरू यसै बमोजिम र उल्लेख नभएका कुराहरू प्रचलित नेपाल कानून बमोजिम हुनेछ।<br><br>(च) प्रचलित कानून विपरित नहुने गरी आवश्यक अन्य विषय भए बुँदागत रुपमा खुलाउने । | |
| | | प्रचलित कानून विपरित नहुने गरी आवश्यक अन्य विषय भए बुँदागत रुपमा खुलाउने । | |
| ५. | हस्ताक्षर | ........................ (पहिलो पक्षको तर्फबाट) ........................ (दोश्रो पक्षको तर्फबाट) | आधिकारिक व्यक्तिले हस्ताक्षर गर्ने। |



दिनेश भट्टराई
सचिव

## अनुसूची - ५

(दफा १६ को उपदफा (३) सँग सम्बन्धित)

**<u>स्वःघोषणापत्र</u>**

व्यावसायिक कार्ययोजनामा विदेशमा उत्पादन हुने वस्तुको सूचीमा उल्लेखित वस्तुहरू नेपालमा उत्पादन नहुने घोषणा गर्दछु/छौं। यसै आधारमा ऐन नियमावली बमोजिम ती वस्तुहरू बिक्री वितरण गर्ने स्वीकृति पाऊँ त्यस्तो वस्तु स्वदेशमा उत्पादन हुने कुरा प्रमाणित भएमा मेरा/हाम्रा नाममा प्राप्त हुने इजाजतपत्र विभागबाट जुनसुकै वखत खारेज गरेमा मेरो/हाम्रो सहमति छ। फरक पर्ने छैन, फरक परे यसै आधारमा प्रचलित कानूनबमोजिम सहुँला बुझाउँला।

१) सञ्चालकको नाम, थर, हस्ताक्षरः-

...........................................

२) सञ्चालकको नाम, थर, हस्ताक्षरः-

.....................................

३) सञ्चालकको नाम, थर, हस्ताक्षरः-

....................................

४) सञ्चालकको नाम, थर, हस्ताक्षरः-

.....................................

५) सञ्चालकको नाम, थर, हस्ताक्षरः-

...........................................

दिनेश भट्टराई
सचिव
(वाणिज्य तथा आपूर्ति)
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय